आज मिति २०७८।०६।०६ गते सल्यान जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मी देवी होमागाईं (स्वनिङ्गा) ज्यूको अध्यक्षतामा तपसिलबमोजिमका महानुभावहरूको उपस्थितिमा बैठक बसी देहायको निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री लक्ष्मी देवी होमागाईं (स्वनिङ्गा) | प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, सल्यान |
| श्री गणेश प्रसाद आचार्य | प्र.अ.अ. राष्ट्रिय अनुसन्धान जि.का. सल्यान |
| श्री केशव कार्की | उप सेनानी सबुज गण, सल्यान |
| श्री अर्जुन पौडेल | प्रहरी निरीक्षक जिल्ला प्रहरी कार्यालय, सल्यान |
| श्री विनोद पुन | पूर्वाधार विकास कार्यालय, |
| श्री टोप बहादुर थापा | वडा अध्यक्ष शा.न.पा.३ |
| श्री बालकृष्ण शाही | ~~स.प्र.व.~~ प्र.ना.नी. स.प्र.व.केन्द्र, सल्यान |
| श्री दिपेन्द्र कुमार के.सी. | प्र.ना.नी. जिल्ला ट्राफिक का. सल्यान |
| श्री टोप बहादुर थापा | वडा अध्यक्ष शा.न.पा. ३ सल्यान |
| श्री डम्बर सिंह तिरुवा | अध्यक्ष नमस्ते सल्यान यातायात प्रा.ली. |
| श्री कर्ण बहादुर वलेत | 〃 शारदा यातायात सेवा प्रा.ली. |
| श्री अरविन्द्र कुमार राई | 〃 सल्यान स्वरूप यातायात प्रा.ली. |
| श्री रामचन्द्र गिरी | महासचिव नमस्ते सल्यान यातायात प्रा.ली. |
| श्री रन्जित कुमार राई | कोषाध्यक्ष सल्यान स्वरूप यातायात प्रा.ली |
| श्री ठगेन्द्र रुपरा | का.मु. शारदा यातायात सेवा प्रा.ली. |
| श्री हरिहर महर्जन | सामाजिक कार्यकर्ता (रोल विकास समिति) |
| श्री नविन ढकाल | शिवगुरु यातायात प्रा. लि. |
| श्री भुवन रवत | आर एस यातायात प्रा.ली |
| श्री महेन्द्र गुप्ता | सल्यान यातायात सेवा प्रा.ली. |
| रण कटवाल | शारदा ट्याक्टर प्रा.ली |
| कृष्ण चमार | शारदा ट्याक्टर प्रा.ली |
| इ. श्री रिकेश महर्जन | डिभिजन सडक कार्यालय, दाङ |

१. राप्ती राजमार्ग, खलङ्गा–बालुवा संग्रही लगायत भित्री सडकहरुमा सवारी साधन दुर्घटना हुन नदिन ट्राफिक प्रहरी कार्यालयले ट्राफिक सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, दुर्घटनालाई न्यूनीकरण गर्नका लागि ट्राफिक संकेत राख्नुपर्ने भएमा डिभिजन सडक कार्यालय, दाङले संकेतहरु राख्ने व्यवस्था गर्ने ।

२. यस वर्षको मनसुन नसकिएको र मनसुनका कारण राजमार्ग तथा भित्री सडकहरुमा खाल्टाखुल्टी परेर दुर्घटनाको जोखिम बढेकोले डिभिजन सडक कार्यालय, दाङ र पूर्वाधार विकास कार्यालय, सल्यानले सडकको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने । स्थानीय तहबाट निर्मित सडकहरु मर्मत सम्भारका लागि सबै स्थानीय तहमा अनुरोध गर्ने ।

३. यस वर्षको दशै र तिहार जस्ता चाडपर्वहरु नजिकिँदै आइरहेकोले यस समयमा चोरी डकैती जस्ता आपराधिक क्रियाकलापहरु हुनसक्ने, सार्वजानिक यातायातमा सिट क्षमता भन्दा बढी यात्रु राख्ने कारणबाट दुर्घटना हुनसक्ने भएकोले यातायात व्यवसायीले सिट क्षमता भन्दा वढी यात्रु नराख्ने व्यवस्था मिलाउने । सो सम्बन्धमा जिल्ला ट्राफिक प्रहरी कार्यालयले नियमित चेकजाँच गर्ने ।

४. सार्वजनिक यातायातलाई सुरक्षित, भरपर्दो र यात्रुमैत्री बनाउन ट्राफिक प्रहरी कार्यालयले नियमित चेकजाँच गर्ने । कोभिड-१९ को संक्रमण कायमै रहेकोले सोको जोखिमबाट सुरक्षित रहन स्वास्थ्य सुरक्षाका मापदण्ड परिपालना गर्ने । यातायात व्यवसायीले आफ्ना कर्मचारीलाई स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गराउने । सो सम्बन्धमा जिल्ला ट्राफिक प्रहरी र जिल्ला प्रहरी कार्यालयले नियमित निरीक्षण र चेकजाँच गर्ने ।

५. सडक तथा राजमार्गको छेउमा निर्माण सामग्री, गोलिया काठ थुपार्ने, पशुपंक्षी सडकमा छाड्ने आदि कारणबाट सवारी दुर्घटना हुने भएको निर्वाध रुपमा सवारी साधन सञ्चालन हुने व्यवस्था मिलाउन यस्ता सामग्रीहरु सम्बन्धित व्यवसायी, ट्राफिक प्रहरी तथा स्थानीय तहको समन्वयमा हटाउने व्यवस्था मिलाउने ।

६. कुनै कारणवस सडक अवरोध भएमा अवरोध भएको सूचना प्राप्त हुनासाथ ट्राफिक प्रहरी वा नजिकैको प्रहरी कार्यालयबाट स्थानीय तह समेतको सहयोगमा यथाशीघ्र सडकको अवरोध खुलाउने ।

७. सल्यान सदरमुकाम खलङ्गाका सडक छेउछाउमा सवारी साधन पार्किङ्ग गरी राख्नाले दुर्घटनाको जोखिम भएको तथा वसपार्कको प्रयोग कम भएकोले पार्किङ्ग गर्नुपर्ने सवारी साधन नयाँ वसपार्कमा पार्किङ्ग गर्ने र खलङ्गाबाट पश्चिमतर्फ जाने सार्वजनिक सवारी साधनहरु अनिवार्य रुपमा नयाँ वसपार्क प्रवेश गरेर मात्र गन्तव्य तर्फ जाने व्यवस्था मिलाउने कार्य सल्यान जिल्लाका सबै यातायात व्यवसायी ट्राफिक प्रहरी कार्यालयले गर्ने ।

८. चाडपर्वको समयमा धेरै यात्रुहरुले सवारी साधन प्रयोग गरी आवतजावत गर्ने भएकोले कुनै पनि सार्वजनिक यातायातका सवारी साधनले तोकिएको दरभन्दा बढी भाडा नलिने, लिएको पाइएमा बाटोमा खटिएका ट्राफिक प्रहरी र नेपाल प्रहरीले नियमानुसार कारवाही गर्ने ।

९. यात्रुहरुको सुरक्षा र यात्रालाई सहज र विश्वसनीय बनाउन यस जिल्लाबाट अन्यत्र जिल्ला जाने यात्रुहरुका लागि यातायात व्यवसायीले यथाशीघ्र अग्रिम बुकिङ्ग खुल्ला गर्ने ।

१०. सदरमुकाम खलङ्गा बजार र श्रीनगर बजार क्षेत्रमा शारदा नगरपालिकाबाट जडान भएका CCTV हाल चालु अवस्थामा नरहेकोले यथाशीघ्र मर्मत गरिदिन शारदा नगरपालिकालाई अनुरोध गर्ने ।